**आकाशवाणी समाचार- नेपाली**

मितिः १५ फरवरी २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- आज महाशिवरात्रिको त्योहार देशभरिमै श्रद्धा अनि आध्यात्मिक उत्साहको साथ मनाइन्दै छ।
- पश्चिम बंगालमा, विपक्षी दलका नेता शुभेन्दु अधिकारीले युवा साथी आवेदन फारम वितरण गरेर राज्य सरकारले राज्यका बेरोजगार युवाहरूलाई धोका दिएको आरोप लगाउनुभएको छ। सुरक्षित राखिनेछ।
- 28 नम्बर खरसाङ चिमनी देवराली समष्टिलाई लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (बीजीपीएम) को कर्मी सभा हिज खरसाङको राज राजेश्वरी हलमा सम्पन्न भयो।
- सिलगडी अनि छेउ-छाउका इलाकाहरुमा पैरामेडिकल अनि नर्सिंग कोर्सको नाममा छात्रहरुको भविष्यसित खिलवाड़ गर्ने एउटा ठूलो गिरोहको पुलिसले उजागर गरेको छ।
- सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ हिज कालेबुङमा पिरान्हास एथलेटिक क्लबको सहकार्यमा आयोजना गरिएको आरपीएसएस क्रिकेट प्रतियोगिता २०२६ मा सहभागी बन्नुभयो।

**महाशिवरात्रि**

आज महाशिवरात्रिको त्योहार देशभरिमै श्रद्धा अनि आध्यात्मिक उत्साहको साथ मनाइन्दै छ। भगवान शिवका भक्तहरुका लागि सबैभन्दा पवित्र मानिने यस दिन उपवास, विशेष प्रार्थनाहरु अनि मन्दिरहरुमा रात भरि पूजा-अर्चना गरिन्छ। हजारौं भक्त शांति अनि समृद्धिका लागि आशीर्वाद प्राप्त गर्न तीर्थ स्थलहरुमा स्नान गर्दछन्। राष्ट्रपति द्रौपदी मुर्मुले महाशिवरात्रिको अवसरमा देशवासिहरुलाई बधाई दिनुभएको छ। सोशल मीडिया पोस्टमा उहाले, भगवान शिवले सबै देशवासिहरु अनि भारतको लागि प्रगतिको मार्ग प्रशस्त गर्ने कामना गर्नुभएको छ।

**पश्चिम बंगाल**

पश्चिम बंगालमा, विपक्षी दलका नेता शुभेन्दु अधिकारीले युवा साथी आवेदन फारम वितरण गरेर राज्य सरकारले राज्यका बेरोजगार युवाहरूलाई धोका दिएको आरोप लगाउनुभएको छ। आज कोलकातामा आयोजित पत्रकार सम्मेलनमा शुभेन्दु अधिकारीले मुख्यमन्त्री ममता बनर्जीले २०१३ देखि शिक्षित युवाहरूलाई भ्रमित गरिरहेको आरोप लगाउनुभयो। उहाँले युवा उत्साह योजना सुरुमा राज्यको बजेटमा सुरु गरिएको थियो - पछि युवाश्री नामकरण गरिएको थियो - र रोजगार बैंक मार्फत प्रति महिना १,५०० रुपियाँ भत्ता दिने वाचा गरिएको थियो, तर २०१७-१८ आर्थिक वर्षदेखि परियोजनाको लागि कोष वास्तवमा रोकिएको छ। उहाँले रोजगार बैंकबाट १७ लाख उम्मेदवारहरूको मूल सूची हराएको आरोप लगाउनुभएको छ।

**भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा- कर्मी सभा**

28 नम्बर खरसाङ चिमनी देवराली समष्टिलाई लिएर भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (बीजीपीएम) को कर्मी सभा हिज खरसाङको राज राजेश्वरी हलमा सम्पन्न भयो। कर्मी सभाको अध्यक्षता बीजीपीएमका संस्थापक अध्यक्ष तथा जीटीए प्रमुख अनित थापाले गर्नुभयो। कर्मी सभा विषयमा पत्रकारहरुलाई सम्बोधन गर्दै क्षेत्रीय सभासद श्याम शेर्पाले यो सभा 28 नम्बर खरसाङ चिमनी देवराली समष्टिलाई लिएर आयोजना गरिएको जानकारी गराउनुभयो। उहाले 28 नम्बर समष्टि खरसाङ नगरपालिकाको एक नम्बर देखि दश नम्बर वार्डहरु लगायत चिमनी देवराली क्षेत्रलाई लिएर गठन भएको जानकारी गराउनुभयो। यस कर्मी सभामा खरसाङ नगरपालिकाका चेयरम्यान ब्रिगेन गुरुङ, खरसाङ पञ्चायत समितिकी सभापति अनु छेत्री लगायत खरसाङ टाउन कमिटी र 28 नम्बर समष्टिका प्रतिनिधिहरु पनि उपस्थित रहेका थिए।

**अनिवार्य घोषणा**

आकाशवाणीको समाचार सेवा विभागले "प्रकृतिको कुराकानी -आकाशवाणी सँग" शीर्षकको श्रृंखला सुरु गरिरहेको छ। पहिलो एपिसोडमा, वातावरण, वन तथा जलवायु परिवर्तन मन्त्री भूपेन्द्र यादवले प्रस्तुती दिनुहुनेछ । कुराकानीमा, श्री यादवले वातावरण संरक्षण र मिसन लाइफ सम्बन्धी देशको प्रतिबद्धता र उपलब्धिहरूको रूपरेखा प्रस्तुत गर्नु भयो। वहाँले सरकारको समग्र दृष्टिकोणको एक भागको रूपमा यस मुद्दालाई सम्बोधन गर्न विभिन्न मन्त्रालयहरूले कसरी काम गरिरहेका छन् भनेर पनि व्याख्या गर्नुभयो।यो पोडकास्ट आज साँझ १०:३० बजे आकाशवाणी गोल्डमा प्रसारित हुनेछ। यसलाई आकाशवाणी एप, समाचार अन आकाशवाणी, र युट्युब च्यानल, समाचार अन आकाशवाणी आधिकारिकमा पनि सुन्न सक्नुहुनेछ।

**राजू विस्ट**

दार्जिलिंगका सांसद अनि भाजपा का राष्ट्रीय प्रवक्ता, राजू विस्टले हिज दार्जिलिंग मोडमा निर्माण भइरहेको ओवर ब्रिज अनि सेवोक-बालासन एलिवेटेड हाईवे कॉरिडोर परियोजनाको समीक्षा गर्नुभयो।दार्जिलिंग मोड़मा दार्जिलिंग, बागडोगरा अनि कलेबोकालेबुंग साथै सिक्किमबाट आउने वाहनहरुको निर्बाध आवाजाहीलाई अनुमति दिनको लागि ऊंचाईको दुई स्तरहरुको निर्माण गरिंदैछ। यसले टियर-1 अनि टियर-2 एलिवेटेड स्ट्रक्चर दार्जिलिंग अनि बागडोगरादेखि सालुगरा अनि सिलगडी शहर तर्फ आउने वाहनहरुको लागि सुगम कनेक्टिविटी अनि निर्बाध मार्ग सुनिश्चित गर्नेछ।एक टियर अनि एप्रोच रोडको निर्माण पूरा भएपछि दार्जिलिंग मोडमा यातायातको भीड़मा आगामी 45 दिन भित्रमा धैरै कमी आउनेछ। पुरा परियोजना मार्च 2027 सम्ममा पूरा गरिने लक्ष्य राखिएको छ अनि दार्जिलिंग मोड खंड एक आगामी दुई महिना भीतर सार्वजनिक उपयोगको लागि तैयार गरिने लक्ष्य राखिएको छ।

**फर्जी पैरामेडिकल-नर्सिंग संस्थान – भंडाफोड़**

सिलगडी अनि छेउ-छाउका इलाकाहरुमा पैरामेडिकल अनि नर्सिंग कोर्सको नाममा छात्रहरुको भविष्यसित खिलवाड़ गर्ने एउटा ठूलो गिरोहको पुलिसले उजागर गरेको छ। प्रधान नगर थाना पुलिसले शहरको एक कथित पैरामेडिकल संस्थान बिरुद्ध कार्रवाही गर्दै दुई महिलाहरु सहित कुल सात जनालाई पक्राउ गरेको छ। यस कथित ठगी गिरोहमा सामेल भएको आरोपमा कौशिक गुहा, नवीन चंद्र बनिक, सुरजीत शर्मा, संजय शर्मा, अभिजीत सूत्रधार, रोधा खाती अनि रोशी छेत्रीलाई पक्राउ गरिएको छ। आरोपितहरु सिलगडीको विभिन्न वार्डहरु बाहेक अलीपुरद्वार, मिरिक अन्नी कालेबुंगका बासिन्दा हुन्। मामलाको शुरुआत तब भएको हो जब अनेक छात्र-छात्राहरुले संस्थान बिरुद्ध प्रधान नगर थानामा लिखित शिकायत दर्ता गराए। शिकायतकर्ताहरुको आरोप छ कि पैरामेडिकल कोर्समा भर्नाको नाममा उनिहरुबाट लाखों रुपियाँ लिएको तर संस्थानसित पास कोर्स संचालित गर्नको

लागि कुनै वैध सरकारी अनुमति वा मान्यता थिएन । संस्थान द्वारा दिईएको प्रमाणपत्र कुनै पनि सरकारी वा निजी नौकरीमा मान्य थिएन ।शिकायत पाए पछि पुलिसले मिलन मोड़ स्थित संस्थानमा छापा मार्यो । जांचमा, स्वास्थ्य विभाग वा कुनै मान्यता प्राप्त शिक्षा बोर्डको अनुमति बिनै संस्थान संचालित भइरहेको तथ्य अघि आयो । पुलिस आरोपितहरुलाई सिलगडी अदालतमा पेश गर्ने तैयारीमा जुटेको छ । उल्लेखनीय छ,केहि दिन पुर्व सालबाड़ी क्षेत्रमा यस्तै एक फर्जी संस्थानबाट तीन ब्येक्तिहरुलाई पक्राउ गरेको थियो । सिलगडीमा यस्तै प्रकारको फर्जी शिक्षण संस्थानहरुको ठूलो नेटवर्क सक्रिय रहेको पुलिसलाई प्राथमिक जाचमा आशंका छ ।

**आरपीएसएस क्रिकेट प्रतियोगिता २०२६**

सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङ हिज कालेबुङमा पिरान्हास एथलेटिक क्लबको सहकार्यमा आयोजना गरिएको आरपीएसएस क्रिकेट प्रतियोगिता २०२६ मा सहभागी बन्नुभयो । उहाले प्रतियोगिताका सबै सहभागी टोलीहरूलाई आगामी दिनहरूमा निरन्तर सफलता र अविस्मरणीय प्रदर्शनका लागि शुभकामना दिनुभयो । मुख्यमन्त्री तामाङले सामाजिक सञ्जाल फेसबुक पोस्टमा कालेबुङमा पिरान्हास एथलेटिक क्लबको सहकार्यमा आयोजना गरिएको आरपीएसएस क्रिकेट प्रतियोगिता २०२६ मा सहभागी बन्न पाएकोमा खुशी व्यक्त गर्नुभएको छ । उहाले उद्घाटन खेलमा नेपाल महिला टोलीमाथि उत्कृष्ट जित प्राप्त गरेको सिक्किम महिला टोलीलाई हार्दिक बधाई दिनुभएको छ । उहाले खेलाडीहरूको दृढ़ता, टिमवर्क र प्रशंसनीय प्रदर्शनले प्रतियोगितालाई रोमाञ्चक शुरुवात दिएको उल्लेख गर्नुभएको छ । मुख्यमन्त्री तामाङले सबै सहभागी टोलीहरूलाई आगामी दिनहरूमा निरन्तर सफलता र अविस्मरणीय प्रदर्शनका लागि शुभकामना व्यक्त गर्दै यस प्रतियोगिताले आपसी सद्भाव सुदृढ़ गर्दै युवा प्रतिभालाई प्रोत्साहन गर्ने तथा युवापुस्तामा क्रिकेटप्रतिको प्रेम अझ गहिरो बनाउने विश्वास व्यक्त गर्नुभएको छ ।

****** ० ******